# व्यवस्थापिका-संसद सचिवालय

## सांसद सुविधा व्यवस्था शाखा

व्यवस्थापिका-संसद सचिवालयका शाखाहरु मध्ये सांसद सुविधा व्यवस्था शाखा एक महत्वपूर्ण शाखा हो । यो शाखाबाट ऐन नियममा भएका व्यवस्था अनुसारका पारिश्रमिक तथा सुविधाहरु कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, आन्तरिक प्रशासन शाखाको मिति २०६४।१।५ च.नं. ५८० को पत्रसाथ संलग्न नेपाल सरकारको निर्णय अनुसार उपलव्ध गराई आएको छ ।

साथै यस शाखाबाट देहाय अनुसारका कार्यहरु गर्दै आएको छ :-

१. सांसद तथा पदाधिकारीहरुको शपथ ग्रहण सम्वन्धी व्यवस्था मिलाउने,

२. संसद अधिवेशनको आव्हान पत्र सांसदलाई उपलव्ध गराउने व्यवस्था गर्ने,

३. सांसदहरुको दस्तखत नमूना संकलन गर्ने र आवश्यकतानुसार दस्तखत प्रमाणित गर्ने, गराउने,

४. दर्शक प्रवेश पत्र वितरण सम्वन्धी व्यवस्था मिलाउने,

५. सांसदहरुलाई दिइने विभिन्न सुविधाहरुको साथै उपचार रकम उपलव्ध गराउने सम्वन्धी प्ररम्भिक कार्यहरु गर्ने,

६. सांसदहरुको व्यक्तिगत विवरणको अभिलेख अध्यावधिक राख्ने,

७. सांसदहरुको लागि वितरण गर्न मन्त्रालयबाट प्राप्त विधेयकहरु विभिन्न सरकारी निकाय तथा संघ संस्थाबाट प्राप्त पुस्तक, परिपत्र एवं सामग्रीहरु वितरण गर्ने, गराउने,

८. सांसदहरुको स्वकीय सचिवहरुको परिचय पत्र तयार गरिदिने,

९. सदनको बैठकमा मा. सांसदहरुको उपस्थितिको हाजिरी रेकर्ड तयारीको कार्य गर्ने ।

१०. सम्माननीय राष्ट्रपति महोदयबाट व्यवस्थापिका संसदमा नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम सम्बोधनको दिन कुटनितिक नियोगका प्रमुख एवं अन्य आमन्त्रित अतिथिहरुलाई निमन्त्रणा गर्ने देखि आवश्यक अन्य कार्यहरु समेत गर्ने ।

११. नेपाल सरकारद्वारा व्यवस्थापिका संसदमा प्रस्तुत हुने वार्षिक आय व्ययको वजेट प्रस्तुत हुने दिन पनि प्रकण १० अनुसार सवै विशिष्ट व्यक्तिहरुलाई आमन्त्रण गर्ने कार्यहरु समेत गर्ने ।